apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



समाचार ३ पृष्ठ

● वर्षः १२ ● अंकः २३४ ● पृष्ठः ४ ● २४ भदौ २०८३ बुधबार (09 September 2026, Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## जेन-जी आन्दोलनको एक वर्ष : सिरहामा बलिदान सम्झँदै सुशासन र जवाफदेहिताको माग



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २३ गते**

जेन-जी आन्दोलन भएको एक वर्ष पूरा भएको अवसरमा सिरहाका विभिन्न स्थानमा आन्दोलनका क्रममा ज्यान गुमाएका युवाहरूको सम्झनामा श्रद्धाञ्जली कार्यक्रम आयोजना गरिएको छ। सदरमुकाम सिरहा, मिर्चैया, चोहर्वा, गोलबजार, औरही, भगवानपुरलगायतका स्थानमा श्रद्धाञ्जली कार्यक्रम भएका हुन्। कार्यक्रममा सहभागी युवाहरूले जेन-जी आन्दोलनले उठाएका सुशासन, जवाफदेहिता, पारदर्शिता र परिवर्तनका मुद्दा स्मरण गर्दै आन्दोलनमा ज्यान गुमाएका युवाहरूको योगदान र बलिदानको सम्मान गर्नुपर्नेमा जोड दिए।

२०८२ साल भदौ २३ गते सामाजिक सञ्जालमाथिको प्रतिबन्ध, भ्रष्टाचार, बेथिति, नातावाद, निरंकुशता तथा सुशासनको अभावलगायतका विषयमा असन्तुष्टि जनाउँदै जेन-जी पुस्ताका युवाहरू सडकमा उत्रिएका थिए। काठमाडौंसहित देशका विभिन्न स्थानमा फैलिएको आन्दोलनले नेपालको राजनीतिक तथा सामाजिक क्षेत्रमा प्रभाव पारेको थियो। आन्दोलनका क्रममा बल प्रयोग तथा त्यसपछिका घटनामा मानवीय

बाँकी पृष्ठ ३

## जलवायु न्याय माग्न अन्तर्राष्ट्रिय मञ्चमा आवाज उठाउनुपर्छ : मुख्यमन्त्री यादव

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ २३ गते**



मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले अहिलेको परिस्थितिमा नेपालले अन्तरराष्ट्रिय समुदायसँग राहत नभई जलवायु परिवर्तनबाट भएको क्षतिको न्याय माग्नुपर्ने समय आएको बताएका छन्।

रसुवाको भोटेकोशी बाढी प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि जनकपुरधाम उद्योग वाणिज्य संघको सक्रियतामा सङ्कलित राहत सामग्री सार्वजनिकीकरण कार्यक्रममा मंगलबार मुख्यमन्त्री यादवले जलवायु परिवर्तनबाट नेपालले भोगिरहेको क्षतिका लागि अन्तरराष्ट्रिय मञ्चबाट आवाज उठाउन सङ्घीय सरकारसँग आग्रहसमेत गरे।

'हाम्रो छिमेकी देश चीनले २२ प्रतिशत, भारतले ११ प्रतिशत र अमेरिकाले ३३ प्रतिशत कार्बन उत्सर्जन गर्दा हामी जस्तो सानो मुलुकले बाढीपहिरो, खडेरी जस्ता महाविपद्को सामना गर्नुपर्ने अवस्था छ', मुख्यमन्त्री यादवले भने, 'हामीले यी महाविपद्वाट भएका क्षतिपूर्तिसहित जलवायु न्याय माग्नुपर्छ।' त्यसका लागि अन्तरराष्ट्रिय मञ्चबाट आवाज उठाउनुपर्ने उनको भनाइ छ।

भोटेकोशी बाढी प्रभावितको उद्धार, राहत र पुनर्स्थापनका लागि प्रदेश सरकार हरेक किसिमको सहयोग गर्न प्रतिबद्ध रहेको बताउँदै मुख्यमन्त्री यादवले बाढी आएकै दिन प्रदेश सरकारका मन्त्री र कर्मचारीको एक दिनको तलब प्रधानमन्त्री दैवी प्रकोप

बाँकी पृष्ठ ४

## मधेशका १५४ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त

**गत आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशका जिल्लामा १५४ दशमलव ५५ हेक्टर क्षेत्रफल वनक्षेत्र अतिक्रमण मुक्त गरिएको मधेश प्रदेश वन निर्देशनालय जनकपुरधामले जनाएको छ।**

**जनकपुरधाम, भदौ २३ गते।** मधेश प्रदेशका विभिन्न जिल्लामा वन अतिक्रमण नियन्त्रण अभियानलाई गति दिएको छ। गत आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशका जिल्लामा १५४ दशमलव ५५ हेक्टर क्षेत्रफल वनक्षेत्र अतिक्रमण मुक्त गरिएको मधेश प्रदेश वन निर्देशनालय जनकपुरधामले जनाएको छ।

वन निर्देशनालयका सूचना अधिकारी सजन चौधरीका सो अवधिमा सबैभन्दा बढी पर्सामा १२० हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको छ। त्यस्तै बारामा २१ हेक्टर, सप्तरीमा पाँच हेक्टर, धनुषामा तीन दशमलव २५ हेक्टर, सर्लाहीमा तीन हेक्टर, महोत्तरीमा दुई हेक्टर र सिरहामा शून्य दशमलव ३५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको हो। जनकपुरधाम। मधेश प्रदेशका विभिन्न जिल्लामा वन अतिक्रमण नियन्त्रण अभियानलाई गति दिएको छ। गत आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशका जिल्लामा १५४



दशमलव ५५ हेक्टर क्षेत्रफल वनक्षेत्र अतिक्रमण मुक्त गरिएको मधेश प्रदेश वन निर्देशनालय जनकपुरधामले जनाएको छ।

वन निर्देशनालयका सूचना अधिकारी सजन चौधरीका सो अवधिमा सबैभन्दा बढी पर्सामा १२० हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको छ। त्यस्तै बारामा २१ हेक्टर, सप्तरीमा पाँच हेक्टर, धनुषामा तीन दशमलव २५ हेक्टर, सर्लाहीमा तीन हेक्टर, महोत्तरीमा दुई हेक्टर र सिरहामा शून्य दशमलव ३५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको हो।

वन क्षेत्रको जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाएर ती क्षेत्रलाई पुनःवनको संरक्षण र व्यवस्थापनमा ल्याइएको सूचना अधिकारी चौधरीले बताए। उनका अनुसार वन अतिक्रमण नियन्त्रणसँगै चोरी-तस्करी नियन्त्रण र वन संरक्षणमा कार्यालयले सक्रियता बढाएको छ।

बाँकी पृष्ठ ४

## प्रधानमन्त्रीले भने प्रिय जेनजी, सुशासन कायम हुने नै छ



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २३ गते**

प्रधानमन्त्री बालेन शाहले जेनजीहरूलाई सम्बोधन गर्दै सुशासन कायम हुने बताएका छन्।

गत वर्ष २३ भदौ (सेप्टेम्बर ८) मा भएको जेनजी आन्दोलनको एक वर्ष पूरा भएको छ।

यही दिनलाई सरकारले 'जेनजी शहीद दिवस' घोषणा गरेको थियो। भने मंगलबार देशभरि सार्वजनिक बिदासमेत दिएको थियो।

यसैबीच प्रधानमन्त्री शाहले

बाँकी पृष्ठ २

## रसुवा बाढीमा मानवीय क्षति १ हजार ३५८, ५ हजार ३२६ अझै सम्पर्कविहीन

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २३ गते**



रसुवालगायतका क्षेत्रमा आएको बाढी तथा पहिरोबाट हालसम्म १ हजार ३५८ मानवीय क्षति भएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार भदौ २३ गते साँझ ६ बजेसम्म ५ हजार ३२६ जना अझै सम्पर्कविहीन छन्।

प्राधिकरणका अनुसार हालसम्म फेला परेका शवमध्ये रसुवामा १७०, नुवाकोटमा १९७, धादिङमा ७०, गोरखामा ७५, तनहुँमा ३८, चितवनमा ३६३, नवलपरासी पूर्वमा २२३ र नवलपरासी पश्चिममा २२२ जना रहेका छन्।

सम्पर्कविहीनमध्ये रसुवाबाट मात्रै २ हजार ८६० जना रहेको प्राधिकरणको विवरणमा उल्लेख छ। रसुवा जिल्लाका नागरिक १ हजार ३९६ जना, अन्य जिल्लाका नागरिक १ हजार २८६, नेपाली सेना ४५, नेपाल प्रहरी २५, सशस्त्र प्रहरी १२, सरकारी कर्मचारी ७३, बैंक तथा वित्तिय संस्थाका कर्मचारी २६ रहेको प्राधिकरणको विवरणमा उल्लेख छ।

त्यस्तै नुवाकोट जिल्ला प्रशासन

बाँकी पृष्ठ ३

## ६ वटा 'ज' को बलमा एमाले फेरि जुर्मुराउँदै

**अपन दैनिक संवाददाता**
**लालगढ, भदौ २३ गते**




नेकपा (एमाले)ले गुमेको जनमत फर्काउन सबै शक्ति लगाउने रणनीति बनाएको छ। आउँदो स्थानीय तह र प्रदेशको चुनावमा फेरि पार्टीलाई देशको पहिलो दल बनाउने गरि योजना बनाएर कार्यान्वनमा ल्याउन लागेको छ। पार्टीका महासचिव शंकर पोखरेलले आफ्नो पार्टी फेरि जनताका बीच सुदृढ भएर उभिने बताएका छन्। यो अभियानको सुरुवात मधेशबाटै भएको नेताहरुले जनाएको छ।

मंगलबार धनुषाको लालगढमा एमाले पार्टी मधेश कमिटीले 'मिशन पार्टी जागरण अभियान' को अभिमुखिकरण कार्यक्रमको आयोजन गरेको थियो। त्यो बैठकमा एमाले महासचिव पोखरेलले छ वटा 'ज' को अभियानले पार्टी सुदृढीकरण गर्ने रणनीति बारे नेताहरुलाई जानकारी दिए। यसको पक्षमा दृढतापूर्वक उभिन सम्पूर्ण पार्टीका नेता कार्यकर्ताहरुलाई कडा निर्देशन दिए। 'जुन सुकै हालतमा यो लोकतन्त्र, गणतन्त्र र संघीयतालाई जोगाउन फेरि सरकारमा एमाले जाने पर्छ। आउँदो चुनावमा एमालेलाई देशको पहिलो पार्टी बनाउनुको अर्को विकल्प छैन,' उनले भने।

महासचिव पोखरेलले छ वटा 'ज' भन्नाले जनतामा जानु, जनताका मुद्दा उठाउनु, जनतासँग जोडिनु, जनताको प्रिय बन्नु, जनसंगठन व्यवस्थित रुपले परिचालन गर्नु र समाजवादी लक्ष्मा पुग्न पार्टीको

बाँकी पृष्ठ ४



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## जेन–जी आन्दोलनको वर्षगाठ र बालेन सरकार

देशको राजनीतिक इतिहासमा जेन-जी आन्दोलन एउटा निर्णायक मोडका रूपमा स्थापित भएको छ । सुशासन, भ्रष्टाचारको अन्त्य, जवाफदेहिता र राज्यका निकायमा व्याप्त बेथितिविरुद्ध युवाहरूले उठाएको आवाज तत्कालीन सरकार परिवर्तनको आन्दोलन थिएन । त्यो आन्दोलन राज्य सञ्चालनको पुरानो शैलीप्रतिको असन्तुष्टि र नयाँ राजनीतिक संस्कारको खोजी थियो। आन्दोलनका क्रममा २३ भदौ २०८२ मा धैरै युवाले ज्यान गुमाएका थिए । उनीहरूको बलिदानलाई राजनीतिक परिवर्तनको घटनाका रूपमा मात्र सीमित गर्न मिल्दैन। त्यसको वास्तविक अर्थ राज्यलाई नागरिकप्रति उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउनु नै हो। जेन-जी आन्दोलनको राजनीतिक प्रभावस्वरूप तत्कालीन नेकपा एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार ढल्यो। त्यसपछि २०८२ फागुन २१ मा नयाँ निर्वाचन भयो र राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन'को नेतृत्वमा नयाँ सरकार गठन भयो। यो सरकारको जन्म नै पुरानो राजनीतिक कार्यशैलीप्रतिको जनअसन्तुष्टि र परिवर्तनको आकांक्षासँग जोडिएको छ । त्यसैले वर्तमान सरकारलाई अन्य सरकारसरह मूल्यांकन गरेर पुग्दैन । यसमाथि जनताको अपेक्षा असाधारण छ र त्यसअनुसारको जिम्मेवारी पनि असाधारण नै छ।

सरकारको सबैभन्दा ठूलो परीक्षा सुशासन हो। प्रशासनिक सुधारका केही निर्णय, भ्रष्टाचार नियन्त्रणका केही पहल वा भाषणमा व्यक्त प्रतिबद्धता मात्र पर्याप्त हुँदैन । नागरिकले राज्यका कार्यालयमा काम गराउँदा घुस दिनु नपर्ने, पहुँच र चिनजानका आधारमा अवसर नबाँडिने तथा कानुन सबैका लागि समान रूपमा लागू भएको अनुभूति गर्न सक्नुपर्छ। सुशासन कागजमा होइन, नागरिकको दैनिक जीवनमा देखिनुपर्छ। त्यसैगरी भ्रष्टाचार अन्त्य सरकारको मूल प्राथमिकता बन्नुपर्छ। विगतका सरकार र सार्वजनिक निकायमा भएका अनियमितता, भ्रष्टाचार र अधिकारको दुरुपयोगबारे निष्पक्ष अनुसन्धान र दोषी देखिएकालाई कानुनी कारबाही हुनुपर्छ । भ्रष्टाचारविरुद्धको अभियान राजनीतिक प्रतिशोधको औजार बन्नु हुँदैन, तर राजनीतिक पहुँचका कारण कोही उम्कन पनि पाउनु हुँदैन। दोषी जुनसुकै दल, पद वा शक्तिसँग सम्बन्धित भएपनि कानुनको कठघरामा उभ्याउने दृढता सरकारले देखाउनुपर्छ। यसैबाट सरकारको निष्पक्षता र विश्वसनीयतालाई पुष्टि गर्नेछ।

जेन-जी पुस्ताले चाहेको परिवर्तनको अर्को महत्वपूर्ण आधार सुरक्षित नागरिक जीवन हो। राज्य नागरिकको सुरक्षा गर्न असफल भयो भने सुशासनको दाबी अर्थहीन हुन्छ। हिंसा, अपराध, दण्डहीनता र राजनीतिक संरक्षणको अन्त्य गर्दै कानुनी शासनको अनुभूति दिलाउनु सरकारको दायित्व हो। नागरिकले आफ्नो घर, सडक, सार्वजनिक यातायात, कार्यस्थल वा बजारमा आफू सुरक्षित छु भन्ने अनुभूति गर्न पाउनुपर्छ। शिक्षा र स्वास्थ्यलाई पनि सरकारले प्राथमिकताको केन्द्रमा राख्नुपर्छ। राजधानी वा ठूला सहरमा मात्र गुणस्तरीय सेवा उपलब्ध गराएर समृद्ध राष्ट्र निर्माण हुँदैन । गाउँदेहातसम्म गुणस्तरीय विद्यालय, दक्ष शिक्षक, आधुनिक पाठ्यक्रम, प्रविधिमैत्री शिक्षण र निष्पक्ष तथा स्तरीय परीक्षा प्रणाली पुग्नुपर्छ। स्वास्थ्य क्षेत्रमा पनि आधारभूत उपचारका लागि नागरिकले ठूलो ऋण लिनुपर्ने वा सहर धाउनुपर्ने अवस्था अन्त्य गर्नुपर्छ। राज्यले शिक्षा र स्वास्थ्यलाई नागरिकको अधिकारका रूपमा व्यवहारमा स्थापित गर्न सके मात्र सामाजिक न्यायको आधार बलियो हुन्छ। अनि सरकारले काम गर्ने भनेको रोजगारी र उत्पादनको क्षेत्रमा नै हो। रोजगारी सिर्जना नगरी युवालाई देशमै रोक्ने सपना पूरा हुन सक्दैन। वर्षेनी ठूलो संख्यामा युवा विदेशिनुपर्ने बाध्यताको अन्त्य गर्न उत्पादन, उद्यम, कृषि, पर्यटन, सूचना प्रविधि, उद्योग तथा सेवा क्षेत्रमा नयाँ अवसर सिर्जना गर्नुपर्छ।

सरकारले निजी क्षेत्रलाई शंकाको दृष्टिले होइन, रोजगारी र उत्पादनको साझेदारका रूपमा हेर्नुपर्छ । युवालाई विदेश जानु विकल्प बन्न सक्छ, तर बाध्यता बन्नु हुँदैन । पूर्वाधार विकास पनि भाषणको विषय भएर रोक्न मिल्दैन्। परिणामको विषय बन्नुपर्छ। सडक, पुल, खानेपानी, सिँचाइ, ऊर्जा, डिजिटल पूर्वाधार र सहरी व्यवस्थापनमा देखिएका वर्षौंदेखिका समस्या समाधान गर्न प्राथमिकता र समयसीमा निर्धारण गर्नुपर्छ । आयोजना छनोट राजनीतिक पहुँचका आधारमा होइन, राष्ट्रिय आवश्यकता र प्रतिफलका आधारमा हुनुपर्छ। निर्माणमा ढिलाइ गर्ने, गुणस्तरमा सम्झौता गर्ने र सार्वजनिक स्रोतको दुरुपयोग गर्ने प्रवृत्तिमाथि कठोर निगरानी आवश्यक छ। त्यही भएर वर्तमान सरकारले जनादेश आफैंमा उपलब्धि होइन, जनादेशअनुसारको परिणाम उपलब्धिपूर्ण हुने कुरालाई आत्मसाथ गर्नुपर्छ। नागरिकले दिएको दुई तिहाईको जनादेश सरकारका लागि सुविधा वा राजनीतिक सुरक्षा कवच होइन। यो अझ ठूलो उत्तरदायित्व हो भन्ने कुरा सरकारको नेतृत्वमा रहेकाहरुले बुझ्नुपर्छ। ठूलो बहुमत पाएको सरकारले काम गर्न नसकेको अवस्थामा दोष अरूमाथि थोपर्ने ठाउँ झन् कम हुन्छ। सबैभन्दा महत्वपूर्ण कुरा भनेको जेन-जी आन्दोलनमा ज्यान गुमाएका नागरिकको बलिदानलाई राजनीतिक नारामा मात्र सीमित गरिनु हुँदैन । उनीहरूको सपना कस्तो राज्य निर्माण गर्ने भन्ने प्रश्नसँग जोडिएको छ। यदि फेरि उही भ्रष्टाचार, उही बेथिति, उही पहुँचवाद र उही दण्डहीनता फर्कियो भने सरकार परिवर्तनको औचित्य नै कमजोर हुनेछ। सरकारसँग बहाना बनाउने समय छैन्। संसद्मा बलियो जनादेश छ, जनतामा परिवर्तनको अपेक्षा छ र राजनीतिक परिवर्तनको पृष्ठभूमिमा जेन-जी आन्दोलनको बलिदान छ। त्यसैले वर्तमान सरकारको अगाडि एउटा मात्र बाटो काम गरेर देखाउने नै हो। त्यसको अलवा कुनै किन्तु र परन्तु छैन्।

**जेन–जी आन्दोलनको एक वर्ष**

# मधेशमा फेरिंदै राजनीतिक अभ्यास

### जेन–जी आन्दोलनपछि युवाको बढ्दो राजनीतिक हस्तक्षेप, परम्परागत दलगत र जातीय पकडलाई चुनौती



**वीरेन्द्र रमण**

पछिल्लो समय युवा पुस्ता 'जेन-जी'ले उठाएको सशक्त आवाज र आन्दोलनको प्रभाव काठमाडौँका सडकमा मात्रै सीमित रहेन। त्यसको प्रभाव मधेशका गाउँदेखि सहरी जीवनसम्म देखिएको छ।

मधेशका ग्रामीण क्षेत्रमा परम्परागत रूपमा राजनीतिक पकड जमाएका दललाई पछिल्लो आन्दोलनपछि ठुलो धक्का लागेको छ । प्रतिनिधिसभा निर्वाचनमा मधेशका ३२ सिटमध्ये ३० सिट परिवर्तनको नारा लिएर आएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई दिएर मतदाताले परम्परागत राजनीतिक शक्तिप्रति असन्तुष्टि व्यक्त गरे । यसले मधेशकेन्द्रित दल मात्रै होइन, पुराना दलको राजनीतिक जगसमेत हल्लाइदिएको छ।

मधेशको राजनीतिमा जातीय र सामाजिक प्रभाव लामो समयदेखि रहँदै आएको छ । तर, युवा आन्दोलनपछि ती परम्परागत प्रभाव कमजोर हुँदै गएका छन् । युवाले आफ्ना माग र एजेन्डा स्थापित गर्ने प्रयास गरेका छन् भने मतदानबाट परिवर्तन सम्भव छ भन्ने विश्वास पनि बढेको देखिन्छ।

आन्दोलनपछि मधेशका गाउँगाउँको सामाजिक र राजनीतिक बहसमा पनि परिवर्तन आएको छ। युवाहरू विकास निर्माण र सामाजिक मुद्दामा खुलेर बहस गर्न थालेका छन् । डिजिटल माध्यम प्रयोग गर्दै उनीहरूले स्थानीय तह र प्रदेश सरकारमा देखिएका बेथिति तथा विकास निर्माणमा हुने ढिलासुस्तीबारे प्रत्यक्ष प्रश्न उठाउन थालेका छन् । यसले परम्परागत राजनीतिक अभ्यासमा परिवर्तनको अनुभूति गराएको छ।

**युवाले सोध्न थाले प्रश्न**

युवा अभियन्ता बलिराम साहका अनुसार पहिले मधेशको राजनीतिमा कुनै गाउँमा कुन जातिको प्रभाव बढी छ र त्यस जातिका अगुवालाई कसरी आफ्नो प्रभावमा राख्ने भन्ने प्रतिस्पर्धा हुन्थ्यो । आन्दोलनपछि त्यसमा परिवर्तन देखिएको उनी बताउँछन् । "युवाहरू अहिले प्रश्न गर्न थालेका छन्। कुनै नेताले बजेट कति पारदर्शी बनायो, सार्वजनिक संस्थाले जनहितमा के काम गरे, कहाँ कमजोरी भयो भन्ने प्रश्न उठ्न थालेका छन्," उनी भन्छन्, "राजनीतिक परिवर्तनका लागि युवाले आफ्नो आवाज उठाउन थालेका छन्। यो निकै सकारात्मक पक्ष हो।"

हिजोसम्म डिजिटल प्लेटफर्म युवाका लागि मनोरञ्जनका साधनका रूपमा बढी प्रयोग हुन्थे। आन्दोलनपछि भने ती राजनीतिक र सामाजिक प्रश्न उठाउने सशक्त माध्यम बनेको युवा अभियन्ता दिवाकर उप्रेती बताउँछन् । "युवाहरू विगतमा राजनीतिमा भएका कमजोरीबारे खुला बहस र छलफल गर्न थालेका छन्," उनी भन्छन्, "अर्थात् युवाहरूको राजनीतिक चेतनाको स्तरमा परिवर्तन आएको छ।"

**पुस्तान्तरणको बहस**

आन्दोलनपछि राजनीतिक दलभित्र पुस्तान्तरण र नेतृत्व हस्तान्तरणको मुद्दा पनि बलियो रूपमा उठेको छ।

जनता समाजवादी पार्टीका सचिव तथा पूर्वमन्त्री सुरेश मण्डल जेन-जी आन्दोलनपछि पुस्तान्तरण र हस्तान्तरणको मुद्दा स्थापित भएको बताउँछन् । उनका अनुसार सत्ता, सदन र नीति निर्माणमा युवाको प्रतिनिधित्व बढेको छ भने कतिपय पार्टीमा पुस्तान्तरणको संघर्ष अझै जारी छ। "केही राजनीतिक दलमा अहिले पनि पुस्तान्तरणको मुद्दा संघर्षकै अवस्थामा छ," मण्डल भन्छन्, "तर यो हरेक राजनीतिक दलको मुद्दा बनेको छ। आज नभए भोलि स्थापित हुन्छ । यो निकै सकारात्मक पक्ष हो।"

उनका अनुसार विश्वविद्यालयका नियुक्तिदेखि सरकारसम्म युवाको प्रतिनिधित्व देखिन थालेको छ । यसलाई उनी आन्दोलनपछि देखिएको महत्त्वपूर्ण उपलब्धि मान्छन् । तर, सबैले आन्दोलनपछि अपेक्षित राजनीतिक परिवर्तन भएको ठानेका छैनन्।

नेपाली कांग्रेसका प्रदेशसभा सदस्य रामसरोज यादव आन्दोलनले उठाएका परिवर्तनका मुद्दाअनुसार उपलब्धि हासिल हुन नसकेको बताउँछन् । "जनताले संघीयता र परिवर्तनलाई संस्थागत गर्न चाहेका थिए। त्यसका लागि आवश्यक कानुन निर्माण हुन सकेनन्," उनी भन्छन्, "त्यसैले परिवर्तनको अनुभूति हुन सकेको छैन।" यद्यपि सरकारले केही उद्योग सञ्चालन गरेर सकारात्मक सन्देश दिन खोजेको यादव बताउँछन्।

जेन-जी आन्दोलनमा ठुलो भौतिक क्षति भयो। मधेशमा सरकारी संरचना, राजनीतिक दलका कार्यालयदेखि निजी सम्पत्तिसम्म तोडफोड र आगजनी भयो । मानव अधिकार क्षेत्रमा क्रियाशील इन्सेकको प्रतिवेदनअनुसार मधेश प्रदेशमा पाँच वटा अदालत, ७८ वटा सरकारी भवन, २१ वटा स्थानीय तह, ११ वटा प्रहरी कार्यालय, सात वटा सरकारी सम्पत्ति, एक शैक्षिक संस्था, तीन स्वास्थ्य कार्यालय, ११ वटा पार्टी कार्यालय र ३१ वटा निजी सम्पत्तिमा क्षति पुगेको थियो।

आन्दोलनका क्रममा सबैभन्दा बढी क्षति पुगेका संरचनामध्ये मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पनि एक हो। आगजनीपछि उक्त कार्यालय अझै पुरानै अवस्थामा छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको काम भने हाल गृह मन्त्रालय रहेको भवनबाट सञ्चालन भइरहेको छ।

अघिल्ला आन्दोलनको तुलनामा जेन-जी आन्दोलनमा ठुलो क्षति भए पनि त्यसअनुसार उपलब्धि नदेखिएको यादवको मूल्यांकन छ। "एक दिनमै सिंगो देश खरानीजस्तो भयो," उनी भन्छन्, "तर, त्यसअनुसारको उपलब्धि भएन।"

## प्रधानमन्त्रीले भने प्रिय जेनजी ...........

मंगलबार साँझ जेनजीहरूलाई सम्बोधन गर्दै लेखेका छन्, 'प्रिय जेनजी सुशासन कायम हुने नै छ, शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली।'

२३ भदौमा संघीय राजधानी काठमाडौंमा भएको प्रदर्शनमा प्रहरीको गोली लागेर १९ जनाको मृत्यु भएको थियो। सो घटनाको विरोधमा २४ भदौमा मुलुकभर प्रदर्शन भएको थियो।

दुई दिनको प्रदर्शनका क्रममा सुरक्षाकर्मी र प्रदर्शनकारीसमेत गरेर ७६ जनाको मृत्यु भएको थियो भने सरकारी तथा निजी भौतिक संरचनामाथि आगजानी समेत भएको थियो।

## शैक्षिक प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०१/०६ गते घरबाट सुखिपुर बजार जाने क्रममा मेरो माइग्रेसन सर्टिफिकेट हराएको हुँदा उक्त कागजात कसैले फेला पार्नुभएको भए कृपया तल उल्लेखित सम्पर्क नम्बरमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु।

**नाम:** जय कुमार महतो
**ठेगाना:** सुखिपुर नगरपालिका-८, ललसहियाकट्टी, सिरहा
**रजिस्ट्रेशन नं.** ६९१६४३०२९ **सिम्बोल नं.:** २१६०२७५३



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
**सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल**
**फोन नं. ०३३-५२०७१४**
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

## आजको राशिफल

**मेष :** रोकिएका काम अघि बढ्ने संकेत छ। आफ्नो क्षमता देखाउने राम्रो अवसर मिल्न सक्छ।

**बृष :** मेहनतको राम्रो परिणाम प्राप्त हुने दिन हो। काममा नयाँ जिम्मेवारी आउन सक्छ।

**मिथुन :** नयाँ व्यक्ति वा नयाँ अवसरसँग भेट हुन सक्छ। तपाईंको बोली र व्यवहारले अरूलाई प्रभावित पार्नेछ।

**कर्कट :** मनमा रहेका केही चिन्ता हट्दै जानेछन्। काममा तपाईंको मेहनतको प्रशंसा हुन सक्छ।

**सिंह :** नेतृत्व गर्ने क्षमता देखाउने अवसर मिल्नेछ । काममा प्रतिस्पर्धीलाई पछि पार्ने सम्भावना छ।

**कन्या :** योजना बनाएर अघि बढ्दा ठूलो उपलब्धि हात लाग्न सक्छ। अधुरा काम पूरा गर्ने अनुकूल समय छ।

**तुला :** तपाईंको पक्षमा परिस्थिति बन्दै जानेछ। नयाँ सम्बन्ध वा सहकार्यले भविष्यमा फाइदा दिन सक्छ।

**वृश्चिक :** तपाईंले गरेको एउटा महत्वपूर्ण निर्णयले दिशा बदल्न सक्छ। गोप्य रूपमा गरेको मेहनतको परिणाम देखिन थाल्नेछ।

**धनु :** नयाँ अवसर पछ्याउने समय हो। टाढाको यात्रा वा नयाँ ठाउँसँग सम्बन्धित काम बन्न सक्छ।

**मकर :** जिम्मेवारी बढे पनि त्यसलाई सफलतापूर्वक पूरा गर्न सक्नुहुनेछ। परिवारमा तपाईंको निर्णयको सम्मान बढ्नेछ।

**कुम्भ :** नयाँ सोच र सिर्जनात्मकताले तपाईंलाई अरूभन्दा अगाडि पुर्‍याउन सक्छ।

**मीन :** आफ्नो अन्तर्ज्ञानमा विश्वास गरेर अघि बढ्नुहोस्। लामो समयदेखि प्रतीक्षा गरेको खबर आउन सक्छ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

# पोखरी अतिक्रमण हटाउने नाममा जबर्जस्ती उठीबास लगाउन खोजेको भन्दै स्थानीय आन्दोलित

## 'गुठीको जग्गा हो भने सरकारी कागजात किन दिइयो ?'

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ २३ गते**

राजगुठी अन्तर्गतका पोखरी र पोखरी डिलमा बनाइएका संरचना हटाउन सूचना जारी भएसँगै जनकपुर वडा नम्बर १४, रजौलस्थित लब्की पोखरी वरिपरिका स्थानीय आन्दोलित बनेका छन्।



उनीहरूले जग्गा किनेर घर बनाएको, त्यसको कर तिर्ने गरेको, बिजुली तथा पानीको बिल लगायतका सबै सरकारी कागजात हुँदाहुँदै आफूहरूलाई घर खाली गर्न पत्र पठाइएको भन्दै आपत्ति जनाएका छन्। घर खाली गर्न सूचना दिइएसँगै आन्दोलित उनीहरूले मंगलबार पिडारी चोकमा एक घण्टाभन्दा बढी समय राजमार्ग अवरुद्ध गरे।

सो क्रममा उनीहरूले सरकारविरुद्ध चर्को नाराबाजीसमेत गरेका थिए । राजमार्ग अवरुद्ध गरेपछि प्रहरीले सामान्य बल प्रयोग गरेर प्रदर्शनकारीलाई हटाएको थियो।

गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदल २०६२ को प्रतिवेदन कार्यान्वयन समितिले गत शुक्रबार उपमहानगरपालिका भित्रका १५ वटा पोखरी र पोखरीको डिलमा निर्माण गरिएका संरचना ७ दिनभित्र हटाउन सार्वजनिक सूचना जारी गरेको थियो। समितिले सूचनामा भनेको थियो, 'तोकिएको समयसिमा भित्र खाली नगरे कानुन अनुसार खाली गराइनेछ ।'

सूचना अनुसार पोखरी डिलमा निर्माण गरिएका घरहरू भत्काइने त्रासमा रहेका स्थानीयहरू सडक आन्दोलनमा उत्रिएका हुन । आन्दोलनमा सहभागी राजोदेवी मण्डलले २६ वर्षदेखि जग्गा किनेर घर बनाएर बसेकोमा एक्कासि सरकारले भत्काउने सूचना पठाएपछि आफूहरू मर्कामा परेको बताइन्। उनले भनिन्, 'नयाँ सरकार आएपछि झन लालपुर्जा दिने भनेको थियो, उल्टै उठीबास पो लगाउन थाल्यो। हामीले सरकारलाई सबै करहरू तिर्दै आएका छौं, कसरी हाम्रो घर भत्काउन पाउँछ ?'

सोही स्थानका अर्का स्थानीय धर्मराज यादवले आफूहरू बसोबास गरेको जग्गा गुठीको नभएको र २०४६ को नापी अनुसार लालपुर्जा पाउनुपर्नेमा उल्टै भत्काउने सूचना जारी हुनु आफैंमा त्रुटिपूर्ण रहेको बताए । उनले भने, 'घरको तिरो २०४६ यता सधैं तिरेका छौं। विद्युत्, खानेपानी सबै सरकारले नै प्रदान गरेको सुविधा लिएका छौं। त्यतिबेला नै सरकारले यो गुठीको जग्गा अथवा राजगुठीको जग्गा भनेर नलिनुपर्ने हो नि। अहिले आएर जबर्जस्ती हटाउन खोजे हामी यो निर्णय मान्दैनौं।'

स्थानीय गृहिणी पेमा देवीले आफूहरू बसेको जग्गा अतिक्रमण गरेको नभइ किनेर बसेको बताइन्। उनले भनिन्, 'अहिले सरकारले गर्न खोजेको पोखरीको सौन्दर्यकरणको विरोधी हामी होइनौं। व्यवस्थित बनाउनुपर्छ, तर थातथलो नै उठाउने गरी स्थानीयबासीको बस्ती हटाउने कुरा हामीलाई मान्य छैन ।'

स्थानीय वडा सदस्य रमेशकुमार साहले अतिक्रमण हटाउने नाममा राज्यले स्थानीयबासीलाई आतङ्कित बनाउने काम गरेको आरोप लगाए । उनले भने, 'भोजराज घिमिरेको प्रतिवेदनमा त्यो जग्गा गुठी संस्थानको उल्लेख छ भने यो कागज हेर्नुस्, हामीलाई सरकारबाटै प्राप्त भएको जग्गाको प्रमाण हो । अनि अहिले आएर जबर्जस्ती अतिक्रमण हटाउने नाममा बिल्लीबाठ गराउन पाइन्छ ? जुन जग्गा गुठीकै छैन, त्यो जग्गामा कसरी नोटिस जारी गर्न मिल्छ ?'

समितिले खाली गराउन सूचना जारी गरेको लब्की पोखरीको डिलमा ४२ वटा कच्ची तथा पक्की घरहरू रहेको वडासदस्य साहले बताए। गुठी संस्थानले २०४६ सालको स्रेस्ता हेर्ने हो भने सबै प्रमाणित हुने भए पनि त्यो हेर्नतर्फ ध्यानै नदिएको उनको गुनासो छ।

स्थानीयबासीहरूले यसमा पुनः छानबिन गरी सत्यतथ्य निकाल्न माग गरेका छन् । छानबिनबाट प्रमाणित भए आफूहरू सहजै रूपमा त्यो क्षेत्र खाली गरिदिने उनीहरूको भनाइ छ । गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदल २०६२ को प्रतिवेदन कार्यान्वयन समितिले भदौ १९ गते सार्वजनिक सूचना जारी गर्दै जनकपुर उपमहानगरपालिकाभित्र रहेका देवान पोखरी (चन्द्र कूप), मध्यमा सर, रुक्मिणी सर, विडाल सर (विराही), गेन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी, लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्नि कुण्ड, सीता कुण्ड, विहार कुण्ड, देवान पोखरी (चन्द्र कूप) लगायतको अतिक्रमण हटाउन सार्वजनिक सूचना जारी गरेको छ।

# हामी राजनीति सिक्न होइन, सिकाउन आएका हौं : सुधन गुरुङ

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ २३ गते**

गृहमन्त्री सुधन गुरुङले आफूहरू राजनीति सिक्न नभई राजनीति सिकाउन आएको बताएका छन् । जेनजी दिवसको अवसरमा मंगलबार आयोजित कार्यक्रममा सम्बोधन गर्दै गृहमन्त्री गुरुङले आफूहरूले युवा पुस्तालाई सेवाको राजनीति सिकाउने बताए।



'हामी राजनीति सिकाउन आएका हौं, सिक्न होइन,' उनले भने, 'तपाईंहरूको राजनीतिले जनतालाई राज गर्न सिकायो। यो युवा पुस्ताको सरकार हो, हामीले सेवा गर्न सिकाउँछौं। यही हो राजनीति ।'

उनले आफूहरू राजनीतिक संस्कार परिवर्तन गर्न आएको दाबी गरे। देशमा अब नागरिकमाथि गोली चलाउने अवस्था आउन नदिने प्रतिबद्धता व्यक्त गर्दै उनले भने, 'अर्को गोली चल्न र चलाउनलाई अब यो देशमा कसैले हिम्मत गर्न सक्दैन। जबसम्म मेरो ज्यानमा प्राण छ, कसैलाई दुःख हुन दिन्न ।'

उनले आफूहरू टीका लगाएर नभई दुई तिहाइ जनमत लिएर सरकारमा आएको दाबी गरे। 'हामी टीका लगाएर आएको होइन । दुई तिहाइ जितेर आएका हौं,' उनले भने, 'तपाईंहरू टिभीमा हेर्नुहोला, देश विकास कसरी गर्छौं।'

गृहमन्त्री गुरुङले देशको भविष्य अब नयाँ पुस्ताले आफैं निर्माण गर्ने बताए । 'हाम्रो भविष्य हामी आफैं कोर्नेछौं। अरूलाई कोर्न दिने छैनौं। यो हाम्रो पुस्ता हो। आफ्नो इतिहास हामी आफैं कोर्नेछौं,' उनले भने।

मन्त्रीको कुर्सीलाई आफूले सत्ता र शक्तिको रूपमा नलिएको उनको भनाइ थियो । 'मन्त्रीको कुर्सी मेरो लागि १५ हजारको मात्र हो। मलाई काँधमा जिम्मेवारी दिनुभएको छ । त्यो जिम्मेवारी पूरा गर्नेछु,' उनले भने।

जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएकाहरूलाई स्मरण गर्दै उनले आफूले मन्त्रीको कुर्सीमा व्यक्तिगत रूपमा आफूलाई नभई आन्दोलनमा ज्यान गुमाएका युवाका छोराछोरीलाई देख्ने बताए । 'जसरी तपाईंका छोरा-छोरी काँधमा उठाएर लगेका थियौं । उहाँहरूको आत्मा मैभित्र छ भनेर सोच्नुस्,' उनले भने, 'त्यो कुर्सीमा मलाई नदेख्नुहोला। तपाईंकै छोरा-छोरीलाई देख्नुहोला।'

आफूमा सत्ता र शक्तिको घमण्ड नआउने दाबी गर्दै गुरुङले आफू युवाहरूको प्रतिविम्ब भएको बताए। भ्रष्टाचारविरुद्ध कठोर रूपमा प्रस्तुत हुने चेतावनी दिँदै उनले एक रुपैयाँ भ्रष्टाचार भएको प्रमाणित भए आफू जनताको पक्षमा लड्ने बताए।

'इमान्दारीका साथ छाती चौडा राखेर भन्न चाहन्छु, एक रुपैयाँ भ्रष्टाचार गरेको मात्र थाहा पाएँ भने गृहमन्त्री तीन करोड जनताको तर्फबाट लड्नेवाला छ,' उनले भने।

गुरुङले विगतका नेताहरूका भाषण र त्यसको परिणाम जनताले देखिसकेको भन्दै आफ्नो सरकारले

बाँकी पृष्ठ ४ ▸▸

## जेन-जी आन्दोलनको एक वर्ष : सिरहामा बलिदान .............

तथा भौतिक क्षति भएको थियो।

गोलबजारमा युवा सञ्जालले श्रद्धाञ्जली र्‍यालीसहित कार्यक्रम आयोजना गरेको थियो। गोलबजारको मुख्य चोक गोलपार्कबाट निकालिएको र्‍याली बजार परिक्रमा गरी पुनः गोलपार्कमा पुगेर कोणसभामा परिणत भएको थियो।

कोणसभामा सहभागी युवाहरूले आन्दोलनमा ज्यान गुमाएका युवाहरू परिवर्तनका लागि आवाज उठाउने पुस्ताका प्रतिनिधि भएको बताए । उनीहरूले आन्दोलनका क्रममा भएको बलिदानलाई केवल स्मरणमा सीमित नराखी त्यसले उठाएका मुद्दालाई राज्यले गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्नेमा जोड दिए।

आन्दोलनको एक वर्ष पूरा भए पनि सुशासन, जवाफदेहिता, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, संस्थागत सुधार, न्याय, समान अवसर र युवाको भविष्यसँग सम्बन्धित मुद्दा अझै बहसकै विषय रहेको उनीहरूको भनाइ थियो।

युवाहरूले जेन-जी आन्दोलनका माग र मुद्दा सम्बोधन गर्न सरकार गम्भीर बन्नुपर्ने बताउँदै बेवास्ता गरिए पुनः आन्दोलनमा उत्रिनुपर्ने अवस्था आउन सक्ने चेतावनी दिए।

आन्दोलनमा ज्यान गुमाएका युवाहरूको सपना साकार पार्न राज्यले युवाको आवाजलाई प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने उनीहरूको भनाइ थियो।

युवा सञ्जाल गोलबजारले आन्दोलनमा ज्यान गुमाएका युवाहरूको बलिदानलाई स्मरण गर्दै सुशासन, न्याय, समान अवसर र समृद्धिको दिशामा राज्य अघि बढ्नुपर्नेमा जोड दिएको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका

## रसुवा बाढीमा मानवीय क्षति १ हजार ३५८ .............

कार्यालयबाट प्राप्त विवरण अनुसार करिब १ हजार ९८१ जना नेपाली नागरिक तथा करिब ५८७ जना विदेशी पर्यटक सम्पर्कविहीन छन्।

बाढी तथा पहिरोमा परी घाइते भएका ७ हजार ३७ जनाको उपचार गरिएको छ । विभिन्न १० वटा अस्पतालमा ३२९ जनाको उपचार गरिएकोमा २५२ जना डिस्चार्ज भइसकेका छन् । नेपाली सेना ३ हजार ४२१ र सशस्त्र प्रहरी बलका स्वास्थ्य टोलीले ३ हजार २८७ घाइते तथा प्रभावितको उपचार गरिरहेका छन्।

हालसम्म १३ हजार ४८३ जनाको उद्धार गरिएको प्राधिकरणले जनाएको छ। खोज तथा उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसहितका सुरक्षा निकाय परिचालन गरिएका छन्।

उद्धार तथा राहतका लागि हेलिकप्टर उडानलाई समेत निरन्तरता दिइएको छ। भदौ २३ गतेसम्म नेपाली सेना र निजी क्षेत्रका हेलिकप्टरमार्फत उद्धार तथा राहत सामग्री ढुवानीका लागि विभिन्न उडान भएका छन् । सशस्त्र प्रहरी बलले समेत प्रभावित क्षेत्रमा हवाई उद्धार तथा राहत कार्य सञ्चालन गरिरहेको प्राधिकरणले जनाएको छ।

विपद्बाट प्रभावित क्षेत्रमा विद्युत् आपूर्ति, सञ्चार तथा इन्धन व्यवस्थापनमा समेत असर परेको छ। प्रभावित क्षेत्रमा आवश्यक सेवा क्रमशः सञ्चालनमा ल्याउने तथा अवरुद्ध संरचना पुनःस्थापनाको काम भइरहेको प्राधिकरणले जनाएको छ।

सरकारले प्रभावित जिल्लामा नगद राहत तथा आवश्यक सामग्री उपलब्ध गराउने कामलाई निरन्तरता दिएको छ । प्रभावित क्षेत्रमा खाद्यान्न तथा अन्य राहत सामग्री हेलिकप्टरमार्फत ढुवानी गरिएको छ।

प्राधिकरणका अनुसार सम्पर्क विहीनको खोजी, उद्धार, घाइतेको उपचार तथा राहत वितरणको काम निरन्तर भइरहेको छ । खोज तथा उद्धारका क्रममा थप शव फेला पर्न सक्ने र विभिन्न निकायबाट प्राप्त विवरण अद्यावधिक हुने क्रम जारी रहेकाले मृतक तथा सम्पर्कविहीनको संख्या परिवर्तन हुन सक्ने जनाइएको छ।



# जनमत पार्टीको दोस्रो महाधिवेशन असोज १० गते वीरगञ्जमा हुने




**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २३ गते**

जनमत पार्टीको दोस्रो महाधिवेशन आगामी असोज १० गते वीरगञ्जमा हुने भएको छ।

पार्टीको दोस्रो महाधिवेशन वीरगञ्जस्थित टाउन हलमा आयोजना हुने तय भएको पार्टीका पर्साका अध्यक्ष ओमप्रकाश सर्राफले जानकारी दिए।

महाधिवेशनअन्तर्गत केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यसहित सम्पूर्ण पदका लागि असोज १ गते उम्मेदवारी मनोनयनपत्र दर्ता गरिने कार्यतालिका छ।

समय तालिकाअनुसार जिल्लाबाट मनोनीत गरिएका सम्पूर्ण महाधिवेशन प्रतिनिधिको विवरण भदौ २८ गते आइतबारसम्म केन्द्रमा आइपुग्नुपर्नेछ।

त्यसपछि भदौ २९ गते मतदाता नामावली प्रकाशन गरिनेछ भने भदौ ३० गते मतदाता नामावलीमाथि दाबी विरोध गर्न सकिनेछ।

भदौ ३१ गते अन्तिम मतदाता नामावली प्रकाशन गरिने अध्यक्ष सर्राफले जानकारी दिए।

महाधिवेशनको निर्वाचन प्रक्रियाअन्तर्गत असोज १ गते उम्मेदवारको मनोनयनपत्र दर्ता हुनेछ।

असोज २ गते उम्मेदवारको नामावली प्रकाशन गरिनेछ भने असोज ३ गते उम्मेदवारमाथि दाबी विरोधको समय तोकिएको छ।

असोज ४ गते उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछन् भने असोज ५ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ।

महाधिवेशनअघि असोज ९ गते शुक्रबार केन्द्रीय कार्यकारिणी समितिको बैठक बस्ने कार्यक्रम रहेको अध्यक्ष सर्राफले जानकारी दिए।

असोज १० गते शनिबार महाधिवेशनसँगै मतदान सम्पन्न गरी असोज ११ गते मतगणना तथा परिणाम घोषणा गरिने कार्यक्रम तय गरिएको पार्टीले जनाएको छ।

# एसपीलाई धम्क्याउने जसपा नेता अशोक यादव पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २३ गते**

जनता समाजवादी पार्टी (जसपा)का नेता अशोक यादव पक्राउ परेका छन्। मधेश प्रदेशका डीआईजी ओम अधिकारीले यादव पक्राउ परेको पुष्टि गरेका छन्।

यादवलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीका तत्कालीन एसपी योगेन्द्रकुमार खड्कालाई फोनमार्फत अपशब्द प्रयोग गर्दै धम्क्याएको आरोपमा पक्राउ गरिएको हो।

घटना २०८२ असारमा भएको थियो। त्यसबेला यादव र एसपी खड्काबीच भएको टेलिफोन संवादको अडिओ सामाजिक सञ्जालमा सार्वजनिक भएको थियो। अडिओमा यादवले खड्कालाई 'मधेशमा लुट्न आएको' भन्दै गालीगलौज गरेको सुनिएको थियो।

अडिओ सार्वजनिक भएपछि प्रहरीले घटनाको अनुसन्धान अघि बढाउँदै यादवविरुद्ध पक्राउ पुर्जीसमेत जारी गरेको थियो। त्यसपछि उनी फरार रहेको प्रहरीले जनाएको थियो। अहिले भने प्रहरीले यादवलाई पक्राउ गरेको हो।

# प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा १२ अर्ब मौज्दात




**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २३ गते**

प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा मौज्दात रकम १२ अर्ब रुपैयाँ हाराहारी देखिएको छ।

अर्थ मन्त्रालयका अनुसार ९ वटा खातामा ८ अर्ब ७६ करोड ६९ लाख र २ वटा डलर खातामा २ करोड ११ लाख ८ हजार ४७१ अमेरिकी डलर मौज्दात छ। डलरलाई १५०.८८ का दरले रूपान्तरण गर्दा कोषमा उपलब्ध कुल मौज्दात ११ अर्ब ९५ करोड १७ लाख पुगेको छ।

रसुवा-भोटेकोशी बाढीपछिको कुल सङ्कलन ७ अर्ब ६८ करोड ४४ लाख रुपैयाँ र २ करोड ५ लाख २२ हजार ४२३ अमेरिकी डलर पुगेको छ। जुन विपद् अघिको २ अर्ब ८ करोड २४ लाख मौज्दातबाहेकको रकम हो।

भदौ २३ गते एकै दिन ३० करोड ६२ लाख र १ लाख १२ हजार ३२ अमेरिकी डलर प्राप्त भएको छ। राहत तथा उद्धार कार्यका लागि भदौ १६ गते राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई १ अर्ब हस्तान्तरण गरिएको छ।

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।**

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,*
*मधेश प्रदेश सिरहा नेपाल*

## हामी राजनीति सिक्न होइन, सिकाउन आएका ..............

परम्परागत शैलीमा काम नगर्ने बताए। 'नेताहरूको चिल्लो-चिल्लो भाषण हाम्रा आमा-बुबाले सुनेका थिए, देखेका थिए। त्यसको रिजल्ट पनि हामीले देखेका छौं,' उनले भने, 'हामी पाँच बजेसम्ममात्र होइनौं। घडीको टिकटिक हेरेरमात्र बस्दैनौं।'

सरकार ढाल्न विभिन्न प्रयास भइरहेको दाबी गर्दै उनले सरकारविरुद्ध भइरहेका गतिविधिलाई जनताले हेरिरहेको बताए। 'शरीर र लासमाथि राजनीति गरिरहेको तीन करोड जनताले हेरिराखेका छन्। उनीहरूले तिमीहरूलाई कहिल्यै माफ गर्नेवाला छैनन्,' उनले भने।

आफ्नो बोली, भाषण र पहिरनलाई लिएर हुने आलोचनाप्रति पनि गुरुङले व्यंग्य गरे। 'कतिपयले बोली मिठो र चिप्लो भएन भन्छन्। भाषण मिलेन भन्छन्।

लुगा मिलेन भनेर भन्छन्,' उनले भने, 'योभन्दा ह्यान्सम हामी हुन सक्दैनौं।'

## मधेशका १५४ हेक्टर वन क्षेत्र ............

वन संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि प्रदेशका विभिन्न जिल्लामा गत आवमा ३२ लाख ३९ हजार ८१० बिरुवा उत्पादन गरी २६१ दशमलव ७७ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको छ।

जिल्लागत रूपमा सबैभन्दा बढी सर्लाहीमा आठ लाख ६३ हजार ९७०, सप्तरीमा पाँच लाख तीन हजार ६४०, सिरहामा चार लाख १५ हजार, धनुषामा चार लाख तीन हजार, महोत्तरीमा दुई लाख २० हजार, बारामा चार लाख ३४ हजार २०० र पर्सामा चार लाख बिरुवा उत्पादन गरिएको वन निर्देशनालयले जनाएको छ।

वृक्षरोपणतर्फ सप्तरीमा ९५ हेक्टर, धनुषामा ६६ दशमलव ५ हेक्टर, बारामा ४३ दशमलव ५३ हेक्टर, महोत्तरीमा २० हेक्टर, सिरहामा २६ हेक्टर, सर्लाहीमा आठ दशमलव ५ हेक्टर र पर्सामा दुई दशमलव २४ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको सूचना अधिकारी चौधरीले जानकारी दिए।

चालु आर्थिक वर्षमा मधेश प्रदेशमा वन क्षेत्रबाट उल्लेख्य परिमाणमा काठ तथा दाउरा उत्पादन भएको छ। वन निर्देशनालयका अनुसार हालसम्म छ लाख ६५ हजार २७३ दशमलव २६ घनफिट काठ उत्पादन भएको छ।

सबैभन्दा बढी सर्लाहीमा तीन लाख ५१ हजार ७५९ दशमलव ५ घनफिट काठ उत्पादन भएको छ। त्यस्तै सप्तरीमा ६५ हजार २९ दशमलव ४९, सिरहामा ६७ हजार ८७६ दशमलव ६७, धनुषामा सात हजार ६२३ दशमलव ७२, महोत्तरीमा ७८ हजार ५१६ दशमलव ९८ र बारामा ९४ हजार ४६६ दशमलव ९ घनफिट काठ उत्पादन भएको सूचना अधिकारी चौधरीले बताउनुभयो।

सोही अवधिमा एक हजार २५६ चट्टा दाउरा उत्पादन भएको छ। सप्तरीमा ३५ दशमलव ३६, सिरहामा २२ दशमलव ५७, धनुषामा सात दशमलव ३८, महोत्तरीमा १९६ दशमलव ८९, सर्लाहीमा ७५१ दशमलव ९५ र बारामा २४२ चट्टा दाउरा उत्पादन भएको जनाइएको छ।

वन पैदावारको बिक्री वितरणतर्फ भने हालसम्म पाँच लाख तीन हजार ७९९ दशमलव २७ घनफिट काठ बिक्री वितरण गरिएको छ। काठ बिक्रीबाट प्रदेश सरकारलाई उल्लेख्य राजस्वसमेत प्राप्त भएको छ।

काठ तथा दाउराको बिक्री, वन पैदावारको उपयोग र अन्य वनजन्य गतिविधिलगायतका शिर्षकबाट रु पाँच करोड ८५ लाख ५० हजार १९० राजस्व सङ्कलन भएको सूचना अधिकारी चौधरीले बताए।

वन निर्देशनालयका निर्देशक सुभाषचन्द्र दासले वन कर्मचारीको सक्रियताका कारण वन क्षेत्रलाई अतिक्रमणमुक्त बनाउन तथा वन चोरी-तस्करी नियन्त्रणमा सफलता मिलेको बताए। वन संरक्षणसँगै अतिक्रमण नियन्त्रण, वृक्षरोपण र वन पैदावारको व्यवस्थित उपयोगलाई प्राथमिकतामा राखिएको उनको भनाइ छ। रासस




## ६ वटा 'ज' को बलमा एमाले फेरि ............

मुख्य सिद्धान्त जनताको बहुदलीय जनवादको परिणाममुखी अभ्यास गर्नु रहेको स्पष्ट पारे। यसपक्षलाई व्यवहारमा उतार्न सबै पार्टी सदस्य समर्पित हुन पर्ने पोखरेलको थियो। पार्टीलाई नयाँ पुस्तासँग जोड्न नसक्दा गएको निर्वाचनमा पार्टीले धक्का खाएको नेता पोखरेलको निष्कर्ष थियो। युवाको चासो सम्बोधन गर्न नसकिदा, पार्टीविरुद्ध सामाजिक सञ्जालमा आउने भ्रम चिर्न नसक्दा एवं संस्थागत निर्णय र छलफल कमजोर हुँदै गएर नेतामुखी बन्दा गत निर्वाचनमा पराजय भोगेको पोखरेलको स्वीकारोक्ति रहेको छ।

चुनावमा भएको हारले मुर्झाएको पार्टीका नेता कार्यकर्ताहरुको बाक्लो उपस्थितिले नेताहरु हौसिएका थिए। 'हामी चुनावमा हार्‍यौं, यो अनपेक्षित परिणाम हो,' नेता पोखरेलले भने, 'एउटा भुनावमा मात्रै हारेमा हौं तर, हामी सधैंका लागि हारेका होइनौं। हामी आफ्नै बलमा फेरि उठ्ने सामर्थ्य राखेका छौं।' 'पार्टी कामलाई व्यवस्थित सञ्चालन गर्न थाले चाँडै जनताका बीच स्थापित हुने उनको भनाइ छ। असोजको पहिलो सातामा बस्ने पार्टीको केन्द्रीय कमिटीको बैठकपछि पार्टी व्यवस्थित रुपले अघि बढ्ने खाका बन्ने उनले उल्लेख गरे।

मुलुक अहिले बाढीको विपत्ती झेली रहेको बेला यो अवस्थाबाट निस्कन आपसी सहकार्य, समन्वय र सहअस्तित्व आवश्यक रहेको नेता पोखरेलले बताए। तर, प्रधानमन्त्री बालेन्द्र शाह भने एक्लै हिडेर पार लगाउने अहङ्कारमा रहेको पोखरेलको आरोप थियो। 'बाढीमा यो सरकारको अहङ्कारले मानवीय क्षति बढाएको छ,' पोखरेलले भने, 'बाढी आएकै दिन सुरुङ् पस्ने अनुमति देशविदेशका विज्ञले पाएका भए धेरैजना बाढीमा फसेका हरुको जीउँदै उद्धार गर्नसकिन्थ्यो ।' प्रधानमन्त्रीले सुरुङ्भित्रको लेदो निकाल्ने प्रविधि विश्वमै छैन भनेको भोलिपल्ट नै विज्ञहरुले चार जनाको जिवित उद्धार गरेका प्रसङ्ग उनले उल्लेख गरे।

कार्यक्रममा सो दलका परराष्ट्र मामिला विभाग प्रमुख प्रदीप ज्ञवालीले नविनतम सूचना तथा सञ्चार प्रविधिको प्रयोग पार्टी काममा जोड्न नसक्दा आफूहरुविरुद्धका कुप्रचारको खण्डन हुन नसकेको औंल्याए। पार्टी र पार्टी नेतृत्वका सरकारले हासिल गरेका उपलब्धी जनतामासम्म पुर्‍याउन नसक्दा क्षति व्यहोर्नु परेको ज्ञवालीको भनाइ छ। अब बस्तीबस्तीका सामाजिक विकासका मुद्दामा पार्टीको बलियो उपस्थिति बनाउँदै अघि बढ्न ज्ञवालीले अपिल गरे। 'हामीले पार्टीलाई पुनर्व्यवस्थित गर्नु छ,' ज्ञवालीले भने, 'आफ्ना कमजोरी पहिल्याएर सच्चिँदै अघि बढ्नु अहिलेको आवश्यकता हो।'

पार्टीका मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेशका आठवटै जिल्लाभित्रका केन्द्रीय सदस्यहरु, प्रदेश कमिटी सदस्यहरु, जिल्ला कमिटीका सदस्यहरु र स्थानीयतहका (पालिका) का पार्टी प्रमुखहरुको सहभागिता रहेको प्रदेश सचिब मनोज पौडेलले जानकारी दिए।

एमाले मधेशले आउने असोजभित्र सबै वडा र कात्तिकभरिमा पालिकातहका अधिवेसन सम्पन्न गर्ने तालिका बनाएको पौडेलको भनाइ छ। कार्यक्रममा पार्टीका मधेश प्रदेश इञ्चार्ज लीलानाथ श्रेष्ठसहितका नेताहरु सहभागी थिए।

## जलवायु न्याय माग्न अन्तर्राष्ट्रिय मञ्चमा आवाज ..............

कोषमा जम्मा गरिएको जानकारी दिए।

प्रदेश सरकारले दोस्रो चरणमा बाढी प्रभावित क्षेत्रमा पठाउन दुई करोड मूल्य बराबरको पाल खरिद गरिसकिएको जनाउँदै उनले ती पाल छिट्टै प्रभावित क्षेत्रमा पठाइने बताए।

मुख्यमन्त्री यादवले तेस्रो चरणमा खाद्यन्न, लत्ताकपडालगायत सामग्री राहत स्वरूप पठाउने योजना रहेको बताए।

हरेक एक-दुई वर्षमा हुने प्राकृतिक विपद्को पीडा भोग्दै आएका नेपालीका लागि प्रदेश सरकारले विपद् कोष स्थापना गरी प्रभावितलाई सहयोग गर्दै आएको मुख्यमन्त्री यादवले बताए।

